**आकाशवाणी समाचार- नेपाली**

मितिः १० मार्च २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- टिम इन्डियाले तेस्रो पटक आईसीसी च्याम्पियन्स ट्रफी जितेको छ| राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय क्रिकेट टिमलाई बधाई दिनुभएको छ ।

- राष्ट्रपति द्रौपदी मुर्मु आज हरियाणा र पञ्जाबको तीन दिवसीय भ्रमणमा जाँनु हुनेछ।

- प्रधानमंत्री नरेंद्र मोदीले 11 र 12 मार्चको आफ्नो मॉरीशसको दुई दिवसीय भ्रमण अवधि मारीशसका प्रधानमंत्री सँग विभिन्न परियोजनाहरुको उद्धाटन गर्नुहुनेछ |

- संसदको बजट सत्रको दोस्रो चरण आज बाट शुरू हुनेछ, सत्र 4 अप्रैल सम्म जल्नेछ।

- केन्द्रीय महिला एवं बाल विकास मन्त्री अन्नपूर्णा देवीको नेतृत्वमा रहेको भारतीय प्रतिनिधिमण्डलले आजदेखि न्यूयोर्कस्थित संयुक्त राष्ट्र संघको मुख्यालयमा सुरु हुने महिलाको स्थिति आयोगको ६९ औं सत्रमा भाग लिनेछ।

- भारत अनि २७ राष्ट्रहरू भएको युरोपेली संघ-ईयूले आज ब्रसेल्समा प्रस्तावित मुक्त व्यापार सम्झौताको लागि दशौं चरणको वार्ता सुरु गर्नेछन्|

**भारतीय क्रिकेट टीम - संदेश**

क्रिकेटमा, टिम इन्डियाले हिजो राति दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा खेलिएको फाइनल खेलमा न्युजिल्याण्डलाई चार विकेटले पराजित गर्दै तेस्रो पटक आईसीसी च्याम्पियन्स ट्रफी जितेर रेकर्ड बनाएको छ। अन्तिम म्याचमा २५२ रनको लक्ष्य पछयाउँदै भारतले एक ओभर बाँकी रहँदा लक्ष्य हासिल गऱ्यो। कप्तान रोहित शर्मा प्लेयर अफ द म्याच घोषित भए भने न्युजिल्याण्डका रचिन रविन्द्र प्लेयर अफ द सिरिज घोषित गरियो। राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय क्रिकेट टिमलाई आईसीसी च्याम्पियन्स ट्रफी जितेकोमा बधाई दिनुभएको छ । एक सामाजिक सञ्जालमा पोस्टमा राष्ट्रपति मुर्मुले भारत तीन पटक च्याम्पियन्स ट्रफी जित्ने एक मात्र टिम बनेको बताउनु भएको छ। उहाँले क्रिकेटमा इतिहास रच्ने खेलाडी, व्यवस्थापन र सहयोगी कर्मचारीहरू उच्चतम प्रशंसाको योग्य रहेको बताउनुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय टिमको जितको प्रशंसा गर्नुहुदै यसलाई असाधारण भनि बताउनुभएको छ। श्री मोदीले टिमले प्रतियोगिताभरि उत्कृष्ट प्रदर्शन गरेको बताउनुभएको छ।केन्द्रीय गृहमन्त्री अमित शाहले भारतको यो जितलाई ऐतिहासिक रहेको बताउनु हुदै भारतीय टिमलाई बधाई दिनुभएको छ ।

****** ० ******

**राष्ट्रपति- हरियाणा भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मु आज हरियाणा र पञ्जाबको तीन दिवसीय भ्रमणमा जाँनु हुनेछ। आफ्नो भ्रमणको पहिलो दिन राष्ट्रपतिले हिसारमा रहेको गुरु जम्भेश्वर विज्ञान तथा प्रविधि विश्वविद्यालयको दीक्षान्त समारोहमा भाग लिनुहुनेछ। पछि, उहाँले ब्रह्माकुमारीहरूको स्वर्ण जयन्ती समारोहको अवसरमा 'समग्र कल्याणका लागि आध्यात्मिक शिक्षा' राज्यस्तरीय अभियानको सुरुवात गर्नुहुनेछ।राष्ट्रपतिले भोलि भटिंडामा पञ्जाब केन्द्रीय विश्वविद्यालय र एम्सको दीक्षान्त समारोहमा भाग लिनुहुनेछ। साँझ,

उहाँले मोहालीमा पञ्जाब सरकारद्वारा आयोजित नागरिक सम्मान समारोहमा भाग लिनुहुनेछ। बुधबार, राष्ट्रपतिले चण्डीगढमा पञ्जाब विश्वविद्यालयको दीक्षान्त समारोहमा भाग लिनुहुनेछ।

****** ० ******

**प्रधानमंत्री-मॉरीशस यात्रा**

प्रधानमंत्री नरेंद्र मोदीले 11 र 12 मार्चको आफ्नो मॉरीशसको दुई दिवसीय भ्रमण अवधि मारीशसका प्रधानमंत्री सँग विभिन्न परियोजनाहरुको उद्धाटन गर्नुहुनेछ |यी परियोजनाहरुमा सिविल सेवा कॉलेज र क्षेत्रीय स्वास्थ्य केंद्र शामेल छन् । यी परियोजनाहरु भारतको सहायताले निर्माण गरिएको हो । आकाशवाणी समाचारसितको कुराकानीमा मॉरीशसमा भारतका उच्चायुक्त अनुराग श्रीवास्तवले भन्नु भयो भारत र मॉरीशस बीच बलियो , गतिशील र द्विपक्षीय संबंध छ र प्रधानमंत्री मोदीको भ्रमणले दुवै देशहरु बीच बलियो संबंधहरुको पुष्टि गर्नेछ र यसले संबन्धलाई नयाँ ऊंचाइमा पुर्याउन मदद गर्नेछ।

****** ० ******

**संसद-बजट सत्र**

संसदको बजट सत्रको दोस्रो चरण आज बाट शुरू हुनेछ जुन 4 अप्रैल सम्म जल्नेछ। यस अवाधि 20 वटा बैठकहरु हुनेछ। वित्त मंत्री निर्मला सीतारमणले आज मणिपुरको बजट पेश गर्नुहुनेछ। गत महिना मुख्यमंत्री एन बीरेन सिंहको राजिनामा पछि राज्यमा राष्ट्रपति शासन लागू भएको छ।हाम्रो संवाददाताले बताए अनुसार यस सत्र अवधि वर्ष 2025-26 का लागी अनुदान मांगहरु अनि संबंधित विनियोग विधेयक माथि चर्चा अनि मतदान हुनेछ।

****** ० ******

**रक्षा मंत्री-आईएएम बेंगलुरु**

रक्षा मंत्री राजनाथ सिंहले भन्नु भएको छ आगामी दिनमा एयरोस्पेस क्षेत्रमा अभूतपूर्व वृद्धि देखिनेछ । उहाँले यससित संबंधित चुनौतिहरुको समाधान गर्नका लागी अनुसंधान एवं विकासलाई प्राथमिकता दिनु पर्नेमा जोर दिनु भएको छ ।हिज कर्नाटको बेंगलुरुमा भारतीय वायु सेनाको एयरोस्पेस मेडिसिन संस्थान-आईएएमको भ्रमण पश्चात श्री सिंहले हवाई र अंतरिक्ष यातायातमा निरंतर वृद्धिलाई मद्देनजर गर्दै एयरोस्पेस चिकित्सामा विशेषज्ञताको बढ्दो आवश्यकता माथि प्रकाश पारे । श्री सिंह यस संस्थानको भ्रमण गर्ने पहिलो रक्षा मंत्री हुन् ।उहाँले एयरोस्पेस चिकित्साको महत्वलाई रेखांकित गर्दै यसलाई सूक्ष्म गुरुत्वाकर्षण, विकिरण र अंतरिक्षमा मानव द्वारा सामना गरिने अलगाव जस्ता चुनौतिहरुसित जुझ्न का लागी महत्वपूर्ण बताएका छन् , साथै उहाँले शारीरिक एवं मानसिक परिवर्तनहरुको समाधानको पनि उल्लेख गर्नुभएको छ। उहाँले एयरोस्पेस क्षेत्रमा आत्मनिर्भरता हासिल गर्नमा यस संस्थानको योगदानको सराहना गर्नु भयो । एयरोस्पेस मेडिसिनको अतिरिक्त , इंस्टीट्यूट ऑफ एयरोस्पेस मेडिसिन क्रू मॉड्यूल डिजाइन र विकासका विभिन्न पक्षहरुमा एयरो-मेडिकलले परामर्श प्रदान गर्दछ । रक्षा मंत्रीले भन्नु भयो आगामी समयमा एयरोस्पेस क्षेत्रमा अभूतपूर्व वृद्धि देख्ने अवसर मिल्नेछ र यसले प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्व भएको सरकारलाई 2047 सम्म विकसित भारतको दृष्टिकोणलाई साकार गर्नमा महत्वपूर्ण भूमिका निभाउनेछ।

****** ० ******

**महिला एवं बाल विकास मंत्री-संयुक्त राष्ट्र यात्रा**

केन्द्रीय महिला एवं बाल विकास मन्त्री अन्नपूर्णा देवीको नेतृत्वमा रहेको भारतीय प्रतिनिधिमण्डलले आजदेखि न्यूयोर्कस्थित संयुक्त राष्ट्र संघको मुख्यालयमा सुरु हुने महिलाको स्थिति आयोगको ६९ औं सत्रमा भाग लिनेछ। महिला तथा बाल विकास मन्त्रीले मन्त्री स्तरीय गोलमेच सम्मेलनमा भारतको प्रतिनिधित्व गर्नुहुनेछ। सम्मेलनले सबै महिला र बालिकाहरूको समग्र विकास र सशक्तिकरणका लागि भारत सरकारका महत्त्वपूर्ण पहलहरूलाई प्रकाश पार्नेछ। यी पहलहरूमा स्वास्थ्य र कल्याणको प्रवर्द्धन, महिला नेतृत्व र निर्णय लिने क्षमतालाई बढ़ावा दिन अनि महिलाहरूको लागि कठोर परिश्रमलाई कम गर्न समावेश छ। मन्त्रालयले एक विज्ञप्तिमा बताए अनुसार केन्द्रीय मन्त्रीले महिला र बालिकाहरूको सशक्तिकरण सम्बन्धी विभिन्न मुद्दाहरूमा छलफलमा पनि भाग लिनुहुनेछ।

****** ० ******

**मध्य प्रदेश-टाइगर रिजर्व**

मध्य प्रदेशका मुख्यमन्त्री मोहन यादवले आज एउटा बाघ र बाघिन छोडेर राज्यको नवौं टाइगर रिजर्व - माधव राष्ट्रियउद्यान - को उद्घाटन गर्नुहुनेछ। मुख्यमन्त्रीले पार्क भित्र रहेको १३ किलोमिटर लामो ढुङ्गाको सुरक्षा पर्खालको पनि उद्घाटन गर्नुहुनेछ। श्री यादवले राज्यलाई नवौं बाघ आरक्ष उपहार दिएकोमा प्रधानमन्त्री नरेन्द्र मोदीप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ, जुन देशको ५८ औं संरक्षित पार्क हुनेछ। उहाँले शिवपुरी जिल्लामा अवस्थित यो टाइगर रिजर्वले वन्यजन्तु संरक्षण र पर्यटनलाई प्रवर्द्धन गर्नेछ जुन वन्यजन्तु संरक्षणको क्षेत्रमा मध्य प्रदेशको प्रमुख उपलब्धि हो।

****** ० ******

**कनाडा - नया प्रधानमंत्री**

पूर्व सेंट्रल बैंकर मार्क कार्नी कनाडाका अघिलो प्रधानमंत्री हुनेछन्। सत्तारूढ़ लिबरल पार्टीले उहाँलाई आफ्नु नेता चुनेको छ। 59 वर्षीय कार्नी ले प्रधानमंत्री जस्टिन टूडो को जगह लिनुहुनेछ, टूडोले जनवरीमा आफ्नु राजनीमाको घोषणा गर्नु भएको थियो।

****** ० ******

**भारत-यूरोपीय संघ मुक्त व्यापार समझौता**

भारत अनि २७ राष्ट्रहरू भएको युरोपेली संघ-ईयूले आज ब्रसेल्समा प्रस्तावित मुक्त व्यापार सम्झौताको लागि दशौं चरणको वार्ता सुरु गर्नेछन्। वर्षको अन्त्यसम्ममा सम्झौतालाई अन्तिम रूप दिन सकियोस् भनेर बैठकमा बाँकी रहेका मुद्दाहरूको समाधानमा केन्द्रित हुने अपेक्षा गरिएको छ। व्यापार तथा आर्थिक सुरक्षाका लागि ईयू आयुक्त मारोस सेफकोविकको हालैको भ्रमणको क्रममा, दुवै पक्षले सन्तुलित र पारस्परिक रूपमा लाभदायक व्यापार सम्झौतामा पुग्न प्रयासहरूलाई तीव्र पार्ने तरिकाहरूबारे छलफल गरेका थिए। ट्रम्प प्रशासनबाट उच्च टैरिफ  लगाउने आशंका बीच प्रधानमन्त्री नरेन्द्र मोदी र युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयन बीच गत महिना महत्वाकांक्षी भारत-ईयू स्वतन्त्र व्यापार सम्झौता यस वर्षभित्रमा सम्पन्न गर्ने सहमति भएको थियो। जुन २०२२ मा, भारत र २७ राष्ट्रहरू भएको युरोपेली संघले आठ वर्षभन्दा बढीको अन्तरालपछि पुनः वार्ता सुरु गरेको छ।

****** ० ******

**भारत-किर्गिस्तान**

भारत-किर्गिस्तान संयुक्त विशेष बल अभ्यास खन्जर-XII को १२ औं संस्करण आजबाट किर्गिस्तानमा सुरु हुँदैछ। यो १४ दिने संयुक्त अभ्यास २३ मार्च सम्म जारी रहनेछ। यसको उद्देश्य शहरी र पहाडी भूभागमा आतंकवाद विरोधी र विशेष बल सञ्चालनमा अनुभव र उत्कृष्ट अभ्यासहरू आदानप्रदान गर्नु हो। यो अभ्यासले स्नाइपिंग , जटिल निर्माण हस्तक्षेप र पर्वतीय शिल्प जस्ता उन्नत विशेष बल सीपहरू विकास गर्नमा पनि केन्द्रित हुने, रक्षा मन्त्रालयले जनाएको छ। यसले अन्तर्राष्ट्रिय आतंकवाद र अतिवादको समस्यासँग जुध्दै दुवै पक्षलाई रक्षा सम्बन्ध बलियो बनाउने अवसर प्रदान गर्नेछ। यो अभ्यासले यस क्षेत्रमा शान्ति, स्थायित्व र सुरक्षा प्रवर्द्धन गर्ने भारत र किर्गिस्तानको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। २०११ मा स्थापना भएदेखि, अभ्यास खंजर वार्षिक प्रशिक्षण कार्यक्रमको रूपमा विकसित भएको छ। अन्तिम अभ्यास गत वर्ष जनवरीमा भारतमा भएको थियो।

****** ० ******